
# जिल्ला प्रशासन कार्यालय तेह्रथुमको

## अर्धवार्षिक बुलेटिन

## २०७६।०७७




नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, तेह्रथुम

# जिल्ला प्रशासन कार्यालय तेह्रथुम
# आ.व. ०७६।७७ को अर्धवार्षिक बुलेटिन

**पृष्ठभूमि**

जिल्ला प्रशासन कार्यालयबाट समग्र जिल्लामा शान्ति सुरक्षा कायम गर्ने, जनतामा कानूनी राज्यको अनुभूति दिलाउने मानवअधिकारको संरक्षण गर्न, सार्वजनिक सम्पत्तिको सूरक्षा गर्न एवं सार्वजनिक सेवा प्रवाह प्रभावकारी रुपमा प्रवाह गरी सुशासनको प्रत्याभुत गर्न विगत देखी नै विविध कार्यहरु गर्दै आएको छ । स्थानीय प्रशासन ऐन २०६४ मा प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी तोकिएको छ । यसै सन्दर्भमा जिल्ला प्रशासन कार्यालय तेह्रथुमले आ.व. २०७६।७७ को अर्धवार्षिक प्रगति विवरण सम्बन्धमा ई-बुलेटिन प्रकाशन गरी नागरिकहरुको सूचनाको हक कायम गर्ने एवं सार्वजनिक जवाफदेहितालाई प्रभावकारी बनाउने जमर्को गरिएको छ ।

**तेह्रथुम जिल्लाको सामान्य परिचय**

नगरपालिका - २ (म्याङलुङ, लालिगुराँस)
गाउँपालिका - ४ (फेदाप, छथर, मेन्छयायेम, आठराई)
प्रतिनिधीसभा सदस्य - १
प्रदेशसभा सदस्य - २
कुल जनसंख्या - १,०१,४७६ (२०६८ जनगणना)
क्षेत्रफल - ६७९ वर्ग किलोमिटर
जनसंख्याको अवस्था: लिम्बु (३५%),क्षेत्री (१९%),ब्राम्हण (१६%), अन्य जातजाती (३०%) बसोबास रहेको यस जिल्लामा नेपाली भाषी ५२.९%,लिम्बु भाषी ३२.७७% र अन्य १४.३३% भाषाभाषीको बसोबास रहेको




तेह्रथुम जिल्लाको राजनैतिक विभाजन

**भौगोलिक अवस्थिति**

प्रदेश नं. १ का चौध जिल्लाहरुमध्येको सानो जिल्लाको रुपमा रहेको तेह्रथुम जिल्लाको पूर्वमा ताप्लेजुङ्ग र पाँचथर, पश्चिममा धनकुटा र संखुवासभा, उत्तरमा ताप्लेजुङ्ग र संखुवासभा तथा दक्षिणमा धनकुटा र पाँचथर जिल्ला रहेका छन् । कुल क्षेत्रफल ६७९ वर्गकिलोमिटर रहेको यो जिल्ला पूर्वी देशान्तर ८७°१५' देखि ८७°४५' सम्म र उत्तरी आक्षाश २६°६६'-२७°३०' सम्म रहेको छ । जिल्लाको उचाई समुद्र सतहबाट ३४५ फिटदेखि २९६२ फिट सम्म रहेको छ । सदरमुकाम म्यालुङ्ग १६६५ मिटर उचाईमा रहेको

छ। मूख्यत: लिम्बु (३५%),क्षेत्री (१९%),ब्राम्हण (१६%), अन्य जातजाती (३०%) बसोबास रहेको यस जिल्लामा नेपाली भाषी ५२.९%,लिम्बु भाषी ३२.७७% र अन्य १४.३३% भाषाभाषीको बसोबास रहेको छ।

**जनसंख्या:**

वि.स.२०६८ को जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या १,०१,४७६ (एक लाख एक हजार चार सय छयहत्तर) जना रहेका छन् जस मध्ये महिला ४७,१५१ जना र पुरुष ५४,३२५ जना रहेका छन्। वि.स. २०५८ को जनगणना अनुसार यस जिल्लामा १,१३,१११ (एक लाख तेह्र हजार एकसय एघार) जना रहेको देखिन्छ। केही स्थानहरुमा खानेपानी तथा सिँचाईको चरम अभाव भएर त्यस स्थानका वासिन्दाहरु बसाई-सराई गरि अन्यन्त्र गएकाले वि.स. २०५८ को जनसंख्या भन्दा २०६८ को जनसंख्या कम भएको देखिन्छ।

**राजनीतिक विभाजन:-**

प्रतिनिधी सभा सदस्य संख्या १ तथा प्रदेश सभा सदस्य २ रहेको यस जिल्लामा २ नगरपालिका र ४ गाउँपालिका रहेका छन्। यस जिल्लामा रहेको स्थानीय तहको जनसंख्या तथा पालिका प्रमुखहरुको विवरण यस प्रकार रहेको छ।

| गा.पा./न.पा. | जनसंख्या | गा.पा./न.पा. वडा सख्या | प्रमुख/अध्यक्षको नाम | गा.पा./न.पा.केन्द्र रहेको स्थान |
|---|---|---|---|---|
| लालीगुरासं न.पा. | १७००० | ९ | श्री अर्जुन मावोहाङ | बसन्तपुर |
| म्याङ्लुङ् न.पा. | २०३३७ | १० | श्री सञ्जय कुमार तुम्वाहाम्फे | म्याङ्लुङ |
| आठराई गा.पा. | २१६४६ | ७ | श्री मान ब.लिम्बु | सक्रान्तिबजार |
| छथर गा.पा. | १६७१५ | ६ | श्री सन्तविर लिम्बु | शुक्रबारे |
| मेन्छयायेम गा.पा. | ८०७८ | ६ | श्री यादब ब.खापुङ् | मोराहाङ् |
| फेदाप गा.पा. | १७७०० | ५ | श्री हरि प्र.चोङवाङ | औसिडाँडा |
| जम्मा | **१,०१,४७६** | ४३ | | |

**सेवा प्रवाहको अवस्था**

जिल्लामा शान्ति सुरक्षा सुव्यवस्था र अमनचयन कायम गरी जनताको जिउधनको सुरक्षा गर्ने प्रमुख दायित्व जिल्ला प्रशासन कार्यालयको रही आएको छ। जिल्लामा नेपाल सरकारको प्रतिनिधीको रुपमा रही सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाई जनतालाई सुशासनको प्रत्याभूति दिनु पनि यस कार्यालयको मुख्य उदेश्य हो। स्थानिय प्रशासन ऐन २०२८ बमोजिम जिल्लाको शान्ति सुरक्षालाई चुस्त बनाउन जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधकारी रहने व्यवस्था छ। जिल्लामा शान्ति सुरक्षा कायम गर्ने, सुशासन कायम गर्ने, जोखिम न्यूनीकरण गर्ने, विपद् व्यवस्थापन गर्ने र सार्वजनिक कसुरहरुमा अर्धन्यायिक निकायको रुपमा सुरु कारवाही गर्ने र न्यायिक निर्णय गर्ने साथै विकास निर्माणका कार्यहरूमा सहजीकरण समन्वय तथा अनुगमन र निरिक्षण गर्ने जिल्ला प्रशासन कार्यालयका प्रमुख कार्यहरु हुन्।

**शान्ति सुरक्षा तथा सुव्यवस्था सम्बन्धी भएका कार्यहरु**

- Joint/Separate Patrolling/LRP
- Strategic घुम्ती सेवा संचालन
- आकस्मिक अनुगमन र निरीक्षण
- Targeted Security (व्यक्ति, संस्था, विकास आयोजना) प्रदान गर्नु
- चाडपर्व लक्षित सुरक्षा योजना निर्माण र कार्यान्वयन (होली, नयाँ वर्ष, दशै, तिहार)

- सुरक्षा चुनौती आंकलन गरी विशेष योजना निर्माण, टोलीनिर्माण र परिचालन
- सुरक्षा समितिको नियमित बैठक
- विशेष कार्यक्रम गर्न सुरक्षा रणनीति तयार र कार्यान्वयन गर्नु

**स्थानीय प्रशासन सम्बन्धी कार्यहरु**

- संघ संस्था दर्ता, नवीकरण, विधान संशोधन, शाखा खोल्ने अनुमति दिने तथा नियमन गर्ने।
- हातहतियार इजाजत, नामसारी, नविकरण र स्वामित्व हस्तान्तरण गर्ने।
- विष्फोटक पदार्थ प्रयोगको इजाजत, नविकरण तथा नियमन गर्ने।
- सार्वजनिक सम्पत्तीको अभिलेख संरक्षण तथा व्यवस्थापन गर्ने।
- नामथर वा उमेर आदी सिफारिस गर्ने।
- पारिवारिक पेन्सन सम्बन्धी सिफारिस गर्ने (भू.पू. ब्रिटिस र भारतीय सैनिकहरुको)।
- जातजाति, वर्ग, लिङ्ग प्रमाणित तथा सिफारिस गर्ने।
- छापाखाना तथा पत्रपत्रिका दर्ता सम्बन्धी कार्य गर्ने।
- पारिवारिक विवरण प्रमाणित गर्ने।
- नाता प्रमाणित गर्ने।

**राहदानी सम्बन्धी कार्य**

- राहदानी फाराम संकलन गर्ने।
- द्रुत राहदानी सेवाको अभिलेख प्रमाणित गर्ने।
- राहदानी वितरण गर्ने।

**नागरिकता सम्वन्धी कार्य**

- वंशजको आधारमा नागरिकता वितरण गर्ने।
- वैवाहिक अंगीकृत नागरिकता वितरण गर्ने।
- नागरिकता प्रतिलिपि जारी गर्ने।
- कानुन बमोजिम नागरिकता संशोधन गर्ने।
- नागरिकता अभिलेख रुजु गर्ने।
- नागरिकता परित्यागको निवेदन लिई आवश्यक प्रकृया अघि बढाउने।
- कानून बमोजिम नागरिकता खारेजीको प्रक्रिया अघि बढाउने।

**अर्धन्यायिक कार्य**

- सार्वजनिक कसुर विरुद्धको सुरु कारवाही गर्ने तथा न्यायिक निर्णय गर्ने।
- प्रचलित ऐनमा मुद्दा हेर्ने अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी तोकिएकोमा कसुरहरुमा सुरु कारवाही तथा न्यायिक निर्णय गर्ने।

- अनुगमन सम्बन्धी कार्य
- दैनिक उमभोग्य वस्तु तथा सेवाको सहज आपूर्ती पहुँच तथा गुणस्तर सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन गर्ने।
- उपभोक्ता हित संरक्षणको लागि सचेतिकरणको कार्य गर्ने।
- जिल्ला स्थित सरकारी कार्यालयहरुको नियमित तथा आकस्मिक अनुगमन गर्ने।
- आफ्नो कार्यालय, मातहत कार्यालयहरुको नियमित अनुगमन, मूल्यांकन र मार्ग दर्शन दिने।
- जिल्ला स्थित अन्य कार्यालयहको अनुगमन र निरिक्षण गर्ने।
- कारागार निरिक्षण र अनुगमन गर्ने



**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी कार्यहरु**

- जिल्ला विपद् व्यवस्थापन समितिको नियमित बैठक सञ्चालन तथा व्यवस्थापन गर्ने।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा तथा कार्यान्वयन गर्ने र गराउने।
- मनसुन आपत्कालीन कार्यायोजना तर्जुमा तथा कार्यान्वयन गर्ने र गराउने।
- विपद् क्षति विवरण संकलन तथा विपद् पिडितहरुलाई राहत वितरण गर्ने।
- विपद् व्यवस्थापनमा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गर्ने।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी स्थानीय स्तरमा अभिमूखिकरण तालिम संचालन गर्ने।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतनामूलक सूचनाहरु जारी गर्ने।
- नियमित रुपमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसि आवश्यक पूर्व तयारीको कार्यहरु भईरहेको।



- सुरक्षा निकायहरुलाई विपद् खोजि र उद्धारका सामग्रीहरुको हस्तान्तरण गरिएको।
- विपद् खोज उद्धार एवं विरामी र सुत्केरी महिलाको उद्धारको लागि एक स्थानीय तह एक हेलीप्याड निर्माण कार्यक्रम अन्तर्गत १ वटा स्थानीय तहमा हेली प्याड निर्माण सम्पन्न।
- क्लस्टर लीड एजेन्सीको दायित्व सहित DPRP तयार भइरहेको।
- नियमित रुपमा DDMC को बैठक बसी आवश्यक तयारीको कार्य गरिएको।

**सडक सुरक्षा सम्वन्धी कार्यहरु**

- यातायात व्यवसायी, ट्राफिक प्रहरी, सडक डिभिजन कार्यालय, सडक निर्माण आयोजना, निर्माण व्यवसायीहरु, सुरक्षा निकायहरुबीच निरन्तर छलफल, समन्वय बैठक मार्फत सडक सुरक्षाको लागि आवश्यक पहल र निर्देशन दिने कार्य गरेको।
- निरन्तर र नियमित रुपमा निमार्णाधिन सडकहरुको अनुगमन गरि निर्माण व्यवसायी र आयोजनालाई सडक सुरक्षाको लागि निर्देशन दिने गरेको।
- राजमार्गमा अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि, २०७५ को बुँदा नं. ७ बमोजिम समितिको बैठक सञ्चालन गरिएको।
- राजमार्गमा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि २०७५ को अनुसूची १ बमोजिमको सामाग्री सहित समूह/रोष्टर निर्माण तथा समूह परिचालन कार्ययोजना तर्जुमा गरिएको।
- राजमार्गको अवरोध हटाउन तत्काल सुरक्षा टोली एवं यन्त्रहरु परिचालन गरिएको।

**तेह्रथुम जिल्ला प्रशासनबाट सुशासन कायम गर्न भएका प्रयासहरु**

- कार्यालयको वार्षिक कार्ययोजना निर्माण र कार्यान्वयन।
- महिनाको १ पटक जि.प्र.का. का नियमित आन्तरिक बैठक संचालन र सेवा प्रवाहमा सूचारु।
- महिनाको १ पटक कार्यालय प्रमुखहरुको नियमित बैठक मार्फत सुशासन कायम गर्न पहल र मार्गनिर्देशन।
- बिचौलिया निषेधित क्षेत्र घोषणा।
- सूचना अधिकारीहरुलाई अभिमूखीकरण गरि सेवा प्रवाह सम्बन्धी उजुरी र गुनासोहरुको तत्काल सम्बोधन गर्न सबै स्थानीय निकायहरुमा सूचना अधिकारी तोकिएको।
- सूचना प्रविधिको अधिकतम प्रयोगमा जोड दिईएको। सूचना अधिकारीको व्यवस्था र गुनासो सुनुवाईको व्यवस्था तथा सूचनाको हक सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिएको।
- पारदर्शितामा जोड। मासिक, चौमासिक र अर्धवार्षिक प्रगति विवरण सार्वजनिक गर्ने गरिएको।
- तीन-तीन महिनामा जिल्ला स्थित सूचना अधिकारीहरुको बैठक र सूचनाको हक सम्बन्धी ऐन, नियमावलीको कार्यान्वयनमा जोड दिईएको।



- मातहत कार्यालयहरु, एवं अन्य सरकारी कार्यालयहरुको नियमित अनुगमन र निरिक्षण गर्ने गरेको।
- दैनिक प्रतिवेदन प्रणालीमा विवरण प्रविष्टी गरि पठाउने गरिएको।
- नागरिक सहायता कक्ष संचालन गरिएको।
- ICT उपयोगमा अभिवृद्धी गरिएको)Website, Facebook Page, CMIS प्रणालीलाई प्रयोगमा ल्याई कार्यालय परिसरमा Free Wifi जडान गरिएको।
- बजारको अनुगमन गरी बजार अनुशासन कायम गरिएको।
- प्राकृतिक श्रोत सम्पदा दोहन नियन्त्रण प्रयास भएको।
- संघ संस्था व्यवस्थापनको प्रयास भईरहेको।
- सार्वजनिक सम्पत्तिको संरक्षणमा विशेष ध्यान दिईएको।
- विद्युतीय हाजिरीलाई प्रयोगमा ल्याईएको।

- कार्यालय परिसरमा धुम्रपान मद्यपान निषेध गरिएको ।
- युरो गार्ड जडान गरि कार्यालय परिसरमा शुध्द खानेपानी (तातो/ चिसोको) व्यवस्था को व्यवस्था गरिएको ।
- सामुदायिक प्रहरीको सक्रियता र समुदाय प्रहरी साझेदारीका कार्यक्रहरु नियमित रुपमा संचालन भईरहेको ।
- CCTV जडानलाई प्रोत्साहन र प्रयोग गरिएको ।
- अपहरण, डर, त्रास, फिरौती असुली जस्ता आपराधिक कृयाकलापहरु नियन्त्रणमा रहेको ।
- अख्तियारको निर्देशन बमोजिम भ्रष्टाचार नियन्त्रणमा सहयोग र सक्रियता बढाईएको ।
- स्थानीय तह तथा प्रदेश सरकारसँग समन्वयमा कार्य गरिएको ।
- आप्रवासन केन्द्र संचालनमा आएको ।

**विकास निर्माणमा सहजिकरणको लागि निम्न कार्यहरु गरिरहेको**



- सरोकारवालासँग समन्वय गरेको (आयोजना निर्माण व्यवसायीहरुसँग निरन्तर छलफल तथा बैठक)
- प्राकृतिक स्रोत संरक्षणको लागि समन्वय र अनुगमन गरिएको ।
- विकास निर्माण कार्यको अनुगमन र समन्वय गरिएको ।

**यस जिल्ला अन्तर्गतका केही प्रमुख आयोजनाहरु:-**

- कोशी कोरिडर निर्माणको कार्य
- मदनभण्डारी लोकमार्ग निर्माणाधिन
- पुष्पलाल मध्यपहाडी लोकमार्ग निर्माणाधिन
- सिंधुवा - शुक्रबारे - ओख्रे - म्याङलुङ सडक निर्माणाधिन
- सेर्मा - जलजले - भण्डारी डाडाँ - ईसिवु - सक्रन्तिबजार - फेदाप - आठराई सडक निर्माणाधिन ईत्यादी ।

**कारागार व्यवस्थापनमा भएका प्रयासहरु**

- कैदीको संख्या-८३ (महिला-६, पुरुष-७७)
- कारागारको आन्तरिक तथा भौतिक व्यवस्थापनमा थप सुधार गरिएको ।
- थप सुधार भएको (आन्तरिक भौतिक सुधार) – Double deckers bed, कैदीबन्दीको E-attendance संचालन भएको ।
- कारागार सुधारका लागि कार्यालयमा नागरिक भेटघाट कक्षको व्यवस्था । - Backup Power को व्यवस्था गरिएको ।
- CCTV बाट Monitoring हुन थालेको आदि ।

**जिल्लाको शान्ति सुव्यवस्थाको लागि सूचना संकलन, विश्लेषण, योजना / रणनीति र कार्यान्वयन र समन्वय**

- सुरक्षा निकायहरुबीच नियमित समन्वय छलफल र बैठक गरिएको ।
- सुरक्षा निकाय र स्थानीय तहहरूबीच समन्वय तथा छलफल बैठक भईरहेको ।
- राजनैतिक दल र अन्य संघ संस्थाहरूबीच समन्वय गरिएको ।



- अन्तर जिल्ला समन्वय बैठक एवं सूचना आदानप्रदान भईरहेको ।

**विविध कार्य**

- विकास आयोजना कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने ।
- स्थानीय तहहरुसँग समन्वय गर्ने ।
- द्वन्द पीडितहरुलाई मासिक भत्ता, राहत तथा क्षतिपूर्ती उपलब्ध गराउने ।
- लागुऔषधको ओसारपसार तथा प्रयोग नियन्त्रण गर्ने ।

**जिल्ला प्रशासन कार्यालय तेह्रथुमबाट यस आ.व. ०७६।७७ को अर्धवार्षिक कार्य प्रगति प्रतिवेदन**

| क्र.सं. | सम्पादित प्रमुख कार्यहरु | जिल्ला प्रशासन कार्यालय तेह्रथुमको उपलब्धी | ईलाका प्रशासन कार्यालयको उपलब्धी | अर्धवार्षिक उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|
| १. | **नागरिकता** | | | | |
| | क. वंशज | ६५१ | ३६५ | १०१६ | |
| | ख. वैवाहिक अंगिकृत | ३ | - | ३ | |
| | ग. अंगिकृत | - | - | - | |
| २. | प्रतिलिपि नागरिकता वितरण | ६४० | १९६ | ७३६ | |
| ३. | नागरिकता परित्याग | - | - | - | |
| ४. | नागरिकता रद्द | - | - | - | |
| ५. | **राष्ट्रिय परिचय पत्र** | | | | |
| | क. विवरण दर्ता | - | - | - | |
| | ख. परिचय पत्र वितरण | - | - | - | |
| ६. | नाबालक परिचय पत्र वितरण | १३ | १ | १४ | |
| ७. | **राहदानी (सिफारिस र वितरण)** | | | | |
| | क. सामान्य सिफारिस संख्या | ४५५ | ३२ | ४८७ | |
| | ख. दुर्तसेवा सिफारिस संख्या | ३५५ | १७५ | ५३० | |
| ८. | **प्रकोप व्यवस्थापन सम्बन्धी** | | | | |
| | क. राहत प्राप्त गर्ने संख्या | १६ | - | १६ | |
| | ख. आर्थिक सहायता रकम | १,१७,०५०।०० | - | १,१७,०५०।०० | |
| | ग. मृतक क्षतिपूर्ती रकम | - | - | - | |
| ९. | **मुद्दा सम्बन्धी विवरण** | | | | |
| | क. अभद्र व्यवहार दर्ता फछर्यौट | १२/२३ | - | १२/२३ | १२ फछर्यौट र २३ दर्ता |
| | ख. भ्रष्टाचार जन्य फछर्यौट | - | - | - | |
| | ग. अन्य फछर्यौट | - | - | - | |
| | जम्मा मुद्दा दर्ता संख्या | १५ | - | १५ | |
| | जम्मा फछर्यौट संख्या | ६ | - | ६ | |
| १०. | वर्गीय सिफारिस | ७१ | २८ | ९९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | पेन्सन सम्बन्धी कागजात सिफारिस | ५७ | - | ५७ | |
| १२. | नाता प्रमाणित (स्थानीय प्रशासन ऐन २०२८ को दफा ९(८) बमोजिम | | - | - | |
| १३. | अन्य प्रमाणित | ७ | - | ७ | |
| १४. | पत्रपत्रिका दर्ता | | - | - | |
| १५. | संघ संस्था दर्ता/नविकरण | १३/३७ | - | १३/३७ | १३ दर्ता र ३७ नविकरण |
| १६. | हातहतियार नविकरण | - | - | १२ | |
| १७. | हातहतियार नामसारी | - | - | - | |
| १८. | सहायता कक्षबाट सेवा लिने संस्था | ८९४ | - | ८९४ | |
| १९. | ठाडो उजुरी | ६ | ३ | ९ | |
| २१. | **कार्यालय अनुगमन (कार्यालय संख्या)** | - | - | - | |
| २२. | बजार नियमन | | - | | |
| | क. अनुगमन | २ | १ | ३ | |
| | ख. कारबाही | - | - | - | |
| २३. | घुम्ती सेवा सञ्चालन | - | - | - | |
| २४. | गुनासो र फछर्यौट | | - | | |
| | क. कार्यालयमा निवेदन मार्फत | १६ | - | १६ | |
| | ख. सामाजिक सञ्जाल मार्फत | १४ | - | १४ | |
| | जम्मा | ३० | - | ३० | |
| २५. | बैठक | | - | | |
| | क. सर्वपक्षिय | १२ | - | १२ | |
| | ख. कार्यालय प्रमुख | ६ | - | ६ | |
| | ग. शान्ति सुरक्षा | १९ | १ | २० | |
| | घ. अन्य | ३ | - | ३ | |
| | जम्मा | ४० | - | ४० | |

**यस कार्यालयको राजस्व सम्बन्धी विवरण:**

| विवरण | जिल्ला प्रशासन कार्यालय तेह्रथुमको राजस्व रकम | ईलाका प्रशासन कार्यालय सक्रान्तिबजारको राजस्व रकम | अर्धवार्षिक उपलब्धि | कैफियत |
|---|---|---|---|---|
| राहदानी वापत | २५,९७,५००।०० | - | २५,९७,५००।०० | |
| संघ संस्था दर्ता/ नविकरण | ५४,६००।०० | - | ५४,६००।०० | |
| हातहतियार नविकरण | ३,६७५।०० | - | ३,६७५।०० | |
| प्रशासनीक दण्ड जरिवाना | ६१,०५०।०० | - | ६१,०५०।०० | |
| अन्य जरिवाना | ३९० | - | ३९० | |
| सरकारी सम्पत्तिको बिक्रिबाट | - | - | - | |
| पत्रपत्रिका दर्ता | - | - | - | |

| | | | | |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको आम्दानी | - | - | - | |
| जम्मा | २७,१७,२१५।०० | | २७,१७,२१५।०० | |

**यस कार्यालयको धरौटी सम्बन्धी विवरण:**

यो महिना सम्मको धरौटी रकम रु. १,३५,०००।- यो आ.व. मा हालसम्मको रु. ३०,४६,१८०.८६।-

**आर्थिक प्रशासन सम्बन्धी**

**क. पूँजीगत खर्च**

| वार्षिक बजेट | यो महिना सम्मको जम्मा खर्च (अर्धवार्षिक) | बाँकी बजेट | कैफियत |
|---|---|---|---|
| २,३७,३५,०००।- | १,१७,६५,७७४।- | १,१९,६९,२२६।- | गत महिना सम्मको पेश्की खर्च सहीत समावेश भएकोले |

**ख चालु खर्च**

| वार्षिक बजेट | यो महिना सम्मको जम्मा खर्च (अर्धवार्षिक) | बाँकी बजेट | कैफियत |
|---|---|---|---|
| १,१५,३९,०००।- | ४७,२७,४२३.२०।- | ६८,११,५७६.८०।- | |

## तेह्रथुम जिल्लाको विपद्का घटनाको अर्धवार्षिक विवरण (आ.व. २०७६।०७७)

| सि.नं. | महिना | आगोलागी संख्या | बाढी पहिरो संख्या | सितलहर संख्या | पानीमा डुबेको संख्या | हुरीबतास/चट्याङ संख्या | असिना संख्या | मानवबिय क्षति | | भौतिक क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जम्मा मृत्यु सं. | | | |
| | | | | | | | | पु. | म. | | |
| १ | श्रावण | - | ७ | - | - | - | - | - | - | घर तथा गोठको क्षति। | ५,१५,०००।०० |
| २ | भदौ | - | १ | - | - | - | - | - | - | घरलाई असर परेको। | ७,००,०००।०० |
| ३ | असोज | १ | - | - | - | - | - | - | - | आगलागिबाट घर क्षति। | ५,००,०००।०० |
| ४ | कार्तिक | २ | - | - | - | - | - | - | - | घर तथा गोठ ढलेको। | १,७०,०००।०० |
| ५ | मंसिर | २ | - | - | - | - | - | - | - | आगलागिबाट घर पूर्ण वा आंशिक क्षति। | ४,९०,०००।०० |
| ६ | पौष | ३ | - | - | - | - | - | - | - | आगलागि तथा विद्युत सटभई घर क्षति। | ५,४९,०००।०० |
| जम्मा संख्या /क्षति रकम | | ८ | ८ | | | | | | | | २९,२४,०००।०० |



जिल्ला प्रशासन कार्यालय, तेह्रथुमको निर्माणाधिन भवन



जिल्ला प्रशासन कार्यालय भवन